नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री दिनेश सागर भुसालज्युले गरेको फैसला

मुद्दा-:क्षतिपुर्ति।

मि.नं.-६३६ दायर मिति-: २०८१/०३/२४

फैसला मितिः-२०८१/०६/०७

वादी

महमद मुर्जुताको जाहेरीले वादी

नेपाल सरकार----१

प्रतिवादी

जिल्ला पर्सा वीरगन्ज महानगरपालिका वडा नं.१९ विन्दवासिनी बस्ने सुरेश पासवानको छोरा बर्ष २१ को रामु भन्ने मन्टु पासवान .....१

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

तथ्य-खण्ड

१. प्रतिवादीले हाकी चलाई ल्याएको मधेश प्रदेश ०३-०३१-प ९६७५ नम्बरको मो.सा. र ना.२८ प.९४४३ न.को मो.सा. एक आपसमा ठक्कर खाई दुर्घटना ना.२८ प. ९४४३ न.को मो.सा.का चालक आशिष कुमा र गुप्ता र सोही मोटरसाईकलमा सवार महम्मद ईरफान मियाँ समेत घाईतेको भएको र घाईते महम्मद ईरफान मियाँको उपचारको क्रममा मृत्यु भएको भन्ने महमद मुर्तुजाको जाहेरी दरखास्त ।

२. प्रतिवादीले हाकी चलाई ल्याएको मधेश प्रदेश ०३-०३१-प ९६७५ नम्बरको मोटरसाईकल र ना.२८ प.९४४३ नम्बरको मोटरसाईकल एकआपसमा ठक्कर खाई दुर्घटना ना.२८ प. ९४४३ नम्बरको मोटरसाईकलका चालक आशिष कुमा र गुप्ता र सोही मोटरसाईकलमा सवार महम्मद ईरफान मियाँ समेत घाईतेको भएको उपचारको लागि अस्पताल लगेको भन्ने घटनास्थल मुचुल्का ।

३. महम्मद ईरफान मियाँको लास जाँच मुचुल्का र शव परिक्षण प्रतिवेदन।

४. मैले हाकी चलाई ल्याएको ल्याएको मधेश प्रदेश ०३-०३१-प ९६७५ नं.को मो.सा. र ना.२८ प.९४४३ न.को मो.सा. एकआपसमा ठक्कर खाई दुर्घटना ना.२८ प. ९४४३ न.को मो.सा.का चालक आशिष कुमा र गुप्ता र सोही मो.सा.मा सवार महम्मद ईरफान मियाँ समेत घाईतेको भएको र घाईते महम्मद ईरफान मियाँको उपचारको क्रममा मृत्यु भएको भएकोले मलाई पक्राउ गरेको हो भन्ने प्रतिवादीको बयान कागज ।

५. प्रतिवादीले ल्याएको मधेश प्रदेश ०३-०३१-प ९६७५ नं.को मो.सा. र ना.२८ प.९४४३ नं. मो.सा. एकआपसमा ठक्कर खाई दुर्घटना ना.२८ प. ९४४३ न. मो.सा. चालक आशिष कुमा र गुप्ता र सोही मो.सा.मा सवार महम्मद ईरफान मियाँ समेत घाईतेको भएको र घाईते महम्मद ईरफान मियाँको उपचारको क्रममा मृत्यु भएको भन्ने मौकामा बुझिएका महमद आरिफ मिया समेतको घटनाविवरण कागज ।

६. जिल्ला सरकारी वकिल कार्यालय, पर्साको अभियोग पत्र ।

७. प्रतिवादी यस कार्यालयमा आई गरेको साबिती बयान ।

८. जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र ।

ठहर-खण्ड

यसमा मिति २०८१।०२।०३ गते जिल्ला पर्सा पोखरिया नगरपालिका वडा नं.९ बैरिया स्थित सडकमा मधेश प्रदेश ०३-०३१-प ९६७५ नम्बरको मोटरसाईकल र ना २८ प ९४४३ नम्बरको मोटरसाईकल एक आपसमा ठक्कर खाई दुर्घटना हुँदा मधेश प्रदेश ०३-०३१-प ९६७५ नम्बरको मोटरसाईकलका चालक रामु भन्ने मन्टु पासवान, सोही मोटरसाईकलमा सवार दिपेश पासवान र प्रदिप पासवान तथा ना २८ प ९४४३ नम्बरको मोटरसाईकलका चालक आशिष कुमार गुप्ता र सोही मोटरसाईकलमा सवार मेरो छोरा महम्मद ईरफान मियाँ समेत घाईते भएकोमा उपचारको लागि लैजाने क्रममा मेरो छोरा महमद ईरफान मियाँको सोही चोटपीडाले सोही दिन नीलकण्ठ अस्पतालमा मृत्यु भएको भन्ने जाहेरी दरखास्त रहेको, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादी गरेको बयान र यस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान समेतको आधारमा सवारी तथा यातायात व्यवस्था ऐन २०४९ को दफा १६३(१)(क) तथा सवारी तथा यातायात व्यवस्था नियमावली २०५४ को नियम ५५ बमोजिमको उपचारका क्रममा मृत्यु भएका महम्मद ईरफान मियाँका नजिकको पक्षलाई कृयाखर्च र क्षतिपुर्तिवापत रु ५,५०,०००।- अक्षरेपी पाँच लाख पचास हजार मात्र प्रतिवादी रामु भन्ने मन्टु पासवानबाट भरी भराई दिने ठहर्छ । साथै घाईते भई उपचार गराएका आशिष कुमार गुप्तालाई उपचार खर्चको हकमा निजले पेश गरेको कागजबाट देखिएको रु.४६२२२/- अक्षरेपी छयालीस हजार दुई सय बाईस मात्र प्रतिवादीबाट घाईतेलाई भरी भराउने ठहर्छ र पछि लागेको उपचार खर्चको सम्बन्धमा विल भरपाई पेश हुन नआएको हुँदा यस सम्बन्धमा केही गरिरहनु परेन । अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

तपसिल खण्ड

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम सवारी तथा यातायात व्यवस्था ऐन २०४९ को दफा १६३(१) (क) तथा सवारी तथा यातायात व्यवस्था नियमावली २०५४ को नियम ५५ बमोजिमको प्रतिवादी रामु भन्ने मन्टु पासवानबाट उपचारका क्रममा मृत्यु भएका महम्मद ईरफान मियाँका नजिकको पक्षलाई कृयाखर्च र क्षतिपुर्तिवापत रु ५,५०,०००।- र साथै घाईते भई उपचार गराएका आशिष कुमार गुप्तालाई उपचार खर्च रु.४६,२२२/- अक्षरेपी छयालीस हजार दुई सय बाईस मात्र घाईतेलाई भरी भराउन कारागार कार्यालय, पर्सामा रहेका प्रतिवादीलाई जानकारी गराउनु ---१

२.प्रस्तुत फैसलामा चित नबुझे३५ दिन भित्र पर्सा जिल्ला अदालत बीरगंज पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्याद दिनु---१

३.फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु-------------------------------------------------------------१

४.प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु---------------------१

दिनेश सागर भुसाल

प्रमुख जिल्ला अधिकारी

ईति सम्वत् २०८१ असोज महिना ७ गते सोमवार रोज २/ ने.सं. ११४४ जंलागा षष्ठी, शुभम् .......